



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ५२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ फागुन २३ गते सोमबार ❑ 7 March 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## महाअभियोग प्रस्ताव प्रस्तावबारे सिफारिस समिति गठन

**रासस**
**काठमाडौं, २२ फागुन**

प्रतिनिधिसभाको आइतबारको बैठकले प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणाविरुद्ध दर्ता भएको महाअभियोग प्रस्तावमाथि अध्ययन गर्न समिति गठन गरेको छ।

सो समितिमा एकवाल मियाँ, कल्याणीकुमारी खड्का, कृष्णभक्त पोखरेल, प्रमोद साह, मीनबहादुर विश्वकर्मा, यशोदा सुवेदी (गुरुङ), रामबहादुर विष्ट, रेखा शर्मा, लालबाबु पण्डित, विष्णुप्रसाद पौडेल र डा शिवमाया तुम्वाहाम्फे रहनुभएको छ। संसद्को बैठकमा आफ्ना माग पूरा गराउन विरोध गर्दै आएको प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)ले सो समितिका लागि आफ्नातर्फबाट नाम दिएको छ। प्रतिनिधिसभाको बैठकअघि सभामुख अग्निप्रसाद सापकोटाले आइतबार बोलाउनुभएको कार्यव्यवस्था परामर्श समितिको बैठकमा उक्त प्रस्तावमाथि अध्ययन गरी तीन महिनाभित्र प्रतिवेदन पेश गर्न ११ सदस्यीय सिफारिश समिति गठन गरिएको हो। नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) एवं प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६२ बमोजिम सो समिति गठनको प्रक्रिया अघि बढेको हो।

प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणामाथि यही फागुन १ गते कार्यक्षमता र आचारणसम्बन्धी प्रश्न उठाउँदै उक्त प्रस्ताव दर्ता भएको थियो। आइतबारको बैठकमा प्रधानमन्त्री शेरबहादुर देउवाका तर्फबाट कानून, न्याय तथा संसदीय व्यवस्थामन्त्री दिलेन्द्रप्रसाद बडूले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३१औँ वार्षिक प्रतिवेदन (आव २०७७-०७८) पेश गर्नुभयो।

## कोभिड संक्रमण घटे पनि जोखिम यथावत्

**रासस**
**काठमाडौं, २२ फागुन**

मुलुकमा कोभिड-१९ को सङ्क्रमण क्रमशः कम हुँदै गएको छ। यद्यपि जोखिम भने यथावत् रहेको चिकित्सकहरूले बताएका छन्।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा चार हजार ९२९ जनाको परीक्षण गरिएकामा ६८ जनामा मात्र कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। सोही अवधिमा ५८३ जना सङ्क्रमणमुक्त भई घर फर्केका छन्।

त्यसैगरी बितेका २४ घण्टामा कोरोना सङ्क्रमणबाट दुईजनाको मृत्यु भएको छ। योसँगै मुलुकमा कोरोना सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या ११ हजार ९४७ पुगेको छ। हाल देशभर छ हजार ४६१ जना सक्रिय सङ्क्रमित रहेका र १०८ जना क्वारेन्टिनमा बसेका छन्।

पछिल्ला २४ घण्टामा ८८ हजार ५६६ जनाले कोभिड-१९ विरुद्ध खोप लगाएका उक्त मन्त्रालयले बताएको छ। खोप अभियान सुरु भएयता तीन करोड ७७ लाख २१ हजार ८८६ मात्रा खोप लगाइसकिएको छ भने एक करोड ८५ लाख २७ हजार १९० जनाले पहिलो मात्रा खोप लगाएका छन्।

एक करोड ७८ लाख ७६ हजार २२३ जनाले खोपको पूर्ण मात्रा लगाइसकेका छन्। आजसम्ममा १३ लाख १८ हजार ४३७ जनाले खोपको अतिरिक्त मात्रा पनि लगाइसकेका छन्।

## नेता पहिला आफैँ बदलिनु आवश्यक छ : उपसभापति गुरुङ

**पोखरापत्र संवाददाता**
**वालिङ, २२ फागुन**

नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङले मुलुक बदल्छु भन्ने नेताहरू पहिला आफैँ बदलिन आवश्यक रहेको बताउनुभएको छ।

स्याङ्जाको वालिङ नगरपालिका-७ केवरे बनकट्टामा नवनिर्मित गुरुङ समुदायको कोइबोको आइतबार उद्घाटन कार्यक्रममा उहाँले नेताहरूमा देखिएको अहिलेकै प्रवृत्तिले मुलुक नबदलिने बताउनुभयो।

"भाषणमा मुलुक बदल्ने कुरा निकै गर्छौं तर व्यवहारमा फरक छ, यसरी मुलुक बदलिँदैन", उहाँले भन्नुभयो, "मुलुक बदल्नका लागि सबैभन्दा पहिला नेताहरूमा रहेका कमीकमजोरी तथा सोचलाई परिवर्तन गर्न आवश्यक छ, अनि मात्रै बदलिएको मुलुक बनाउन सकिन्छ।"

धेरै नेताभन्दा पनि एक/दुई जना असल नेता भए मात्रै पनि समाज रूपान्तरण गर्न सकिने उहाँको भनाइ थियो। "खराब नेताले देश डुबाउँछ तर एउटै असल नेता भएदेखि देशको मुहार परिवर्तन गर्छ र माथि उठाउँछ", उहाँले भन्नुभयो, "असल नेता भएकै कारण विश्वका केही देशहरूले निकै फड्कोसमेत मारेका छन् विकासशील देशका रूपमा अगाडि उदाएका छन्।"

अब नजिकै स्थानीय तहको निर्वाचन पनि आइरहेकाले नागरिकहरू समयमै सचेत भएर कस्तो नेता छान्ने भन्ने सोच्नुपर्ने बेला भएको उहाँले बताउनुभयो। निर्वाचनका बेला बहकाउमा लागियो भने पाँच वर्षसम्म पछुताइरहनुपर्ने भएकाले समयमै सचेत भएर अगाडि बढ्न पनि उहाँले आग्रह गर्नुभयो।

"एमसिसी राष्ट्रघाती हुन् भनी गरिएका प्रचारहरू भ्रम मात्रै हुन्", उहाँले भन्नुभयो, "हामी पनि नेपाल आमा र नेपाली जनताका लागि राजनीति गरेका हौँ, जुन भ्रम फिँजाइएको छ त्यो होइन।"

कोइबो निर्माणले गुरुङ समुदायको भाषा, कला, संस्कृतिको संरक्षणका लागि महत्वपूर्ण भूमिका खेल्ने भएकाले यसलाई अभियानकै रूपमा सञ्चालन गर्न पनि उहाँले सुझाव दिनुभयो।

## पल शाहलाई १२ दिन थप थुनामा राख्न आदेश

**पोखरापत्र संवाददाता**
**दमौली, २२ फागुन**




जबर्जस्ती करणी अभियोगमा जिल्ला प्रहरी कार्यालय तनहुँको थुनामा रहेका नायक पल शाहविरुद्ध १२ दिनको म्याद थप गरिएको छ।

प्रहरीले शाहलाई आइतबार अदालत उपस्थित गराएकामा तनहुँ अदालतले १२ दिनको म्याद थप गरी हिरासतमा राख्न अनुमति दिएको हो। यसअघि फागुन १५ गते शाहविरुद्ध सात दिनको म्याद थप गरिएको थियो। अनुसन्धान प्रक्रिया नसकिएकाले प्रहरीले शाहलाई हिरासतमा राखेर अनुसन्धान गर्ने बताएको छ।

शाह प्रहरी हिरासतमा रहेदेखि नै शाहका पक्षमा जिल्ला प्रहरी कार्यालय अगाडि नाराजुलुस भएको थियो। काठमाडौँबाट आएका केही युट्युवरहरुले नारा लगाउँदै शाहका पक्षमा माहोल बनाएका थिए। गृह मन्त्रालय र प्रेस काउन्सिल नेपालले भ्रम फैलाएको भन्दै कारवाही गर्न सिफारिस गरेपछि भने उनीहरुले दमौली छाडेका थिए। सत्र वर्षीया गायिकालाई जबर्जस्ती गरेको अभियोगमा पीडितका परिवारले फागुन ११ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएका थिए। पीडितका परिवारले नायक शाहले विसं २०७८ वैशाख १४ गते ललाइफकाइ जबर्जस्ती करणी गरेको जाहेरीमा उल्लेख गरेका छन्। त्यस्तै विसं २०७७ पुस १० गते पोखरामा र चैत ७ गते चितवनमा पीडितलाई जबर्जस्ती करणी गरेको जाहेरीमा भनिएको छ।

जाहेरीमा निज शाहविरुद्ध मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ (१) विपरीतको कसुर अपराधमा कडाभन्दा कडा कारवाही गरी कानूनबमोजिम सोही संहिताको दफा २२८ बमोजिम पीडितलाई उचित क्षतिपूर्ति दिलाउन माग गरिएको छ।

## दमौलीमा भीषण आगलागी

**पोखरापत्र संवाददाता**
**तनहुँ, २२ फागुन**



तनहुँको व्यास नगरपालिका-४ मुख्यचोकस्थित हार्डवेयरकोगोदामबाटसल्किएको आगोले करोड बढीको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ। मुख्यचोकस्थित भूपाल हार्डवेयर र ज्योति जनरल सप्लायर्समा भीषण आगलागी हुँदा करोडबढी मूल्यको क्षति भएको प्रारम्भिक अनुमान गरिएको हो।

हार्डवेयर पसलबाट सल्किएको आगोले नजिकका घरहरूमा पनि क्षति पुगेको छ। तनहुँ उद्योग वाणिज्य सङ्घका अध्यक्ष पविन्द्रकुमार श्रेष्ठले अत्यन्तै ठूलो क्षति भए पनि एकीन विवरण आउन बाँकी रहेको बताउनुभयो। "क्षतिको आँकलन गर्न सक्ने अवस्था नै छैन, ठूलो क्षति छ", उहाँले भन्नुभयो, "केही दिनमा क्षतिको यथार्थ विवरण आउला।"


जिल्ला प्रहरी कार्यालय तनहुँले क्षतिको विवरण सङ्कलन गर्ने काम भइरहेको जानकारी दिएको छ। प्रहरी नायब उपरीक्षक युवराज खड्काले क्षतिको विवरण प्राप्त नभइसकेको बताउँदै विवरण लिने काम भइरहेको जानकारी दिनुभयो। आगलागीको कारण पनि नखुलेको र अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार आगलागीबाट हार्डवेयरको गोदाम पूर्ण रूपमा क्षति भएको छ। उक्त वरपरका अन्य नौ वटा घर आंशिक रूपमा क्षति भएको र तनहुँसुर मिनी मार्केटको दुई वटा सटरमा आंशिक क्षति पुगेको प्रहरीले जानकारी दिएको छ। आगलागी नियन्त्रणका क्रममा स्काभेटरले तीन वटा टहराहरू भत्काएको प्रहरी नायब उपरिक्षक खड्काले जानकारी दिनुभयो। आगलागी नियन्त्रणका लागि प्रहरी उपरीक्षक राजेन्द्रबाबु रेग्मीको नेतृत्वमा १०० जनाको टोली, जिल्ला प्रहरी कार्यालय लमजुङ र गण्डकी प्रदेश प्रहरी कार्यालयबाट प्रहरी नायब महानिरीक्षक घटनास्थलमा खटिएका थिए। आगलागी नियन्त्रणका लागि चापाघाटस्थित कालीभञ्जन गण (इ), सशस्त्र प्रहरी बल र स्थानीयवासीले पनि सहयोग पुऱ्याएका थिए।

आगलागी नियन्त्रणका लागि व्यास नगरपालिका, पोखरा महानगरपालिका र लमजुङबाट आएको दमकल प्रयोग गरिएको थियो। बिहान १० बजेदेखि सुरु भएको आगलागी दिउँसो २ बजेपछि पूर्ण रूपमा नियन्त्रणमा आएको थियो। श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ, गण्डकी प्रदेशका आन्तरिक मामिलामन्त्री डोवाटे विक, नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल, पूर्वमन्त्री गोविन्दराज जोशी, शङ्कर भण्डारी, नेकपा एमाले केन्द्रीय सदस्य भगवती न्यौपाने लगायतले उक्त घटना पनि दुःख व्यक्त उचित क्षतिपूर्तिका लागि सरकारसमक्ष पहल गर्ने बताउनुभएको छ।

यसैगरी तनहुँ उद्योग वाणिज्य सङ्घले व्यास नगरपालिका-४ स्थित मुख्यचोकमा आगलागीबाट पीडित भएकालाई उचित क्षतिपूर्ति प्रदान गर्न सरकारसँग माग गरेको छ। सङ्घको बसेको आकस्मिक बैठकले तनहुँ उद्योग वाणिज्य सङ्घ दमौली बजार एकाइ सभापति एवं भूपाल हार्डवेयरसका सञ्चालक भूपाल आले र तनहुँ उद्योग वाणिज्य सङ्घका सदस्य एवं ज्योति जनरल सप्लायर्सका सञ्चालक रमेशमकुमार श्रेष्ठलगायत पीडित सम्पूर्ण व्यवसायीप्रति सहानुभूति प्रकट गरेको छ।

भीषण आगलागीलाई नियन्त्रणमा लिन सहयोग गर्ने सबैमा हार्दिक कृतज्ञता प्रकट गर्दै विषम क्षतिको मूल्याङ्कन गरी शीघ्र क्षतिपूर्तिका लागि सरकारलगायत सम्बन्धित निकायसँग अनुरोध गरिएको सङ्घका अध्यक्ष पविन्द्रकुमार श्रेष्ठले जानकारी दिनुभयो। यसैगरी गण्डकी प्रदेशको आन्तरिक मामिला मन्त्रालयले पनि घटनाप्रति दुःख व्यक्त गर्दै आगलागी नियन्त्रणमा सहयोग गर्ने सबैप्रति आभार व्यक्त गरेको छ। मन्त्रालयका उपसचिव यामप्रसाद सुवेदीले विज्ञप्ति जारी गरी विपद्को घटनाबाट थप क्षति हुन नदिन आआफ्नो क्षेत्रबाट सहयोग पुऱ्याएकामा गृह मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, स्थानीय प्रशासन, स्थानीय तहलगायत सबैमा आभार व्यक्त गर्नुभएको छ।

यसैगरी व्यास नगरपालिकाले पनि घटनाप्रति दुःख व्यक्त गर्दै आगलागी नियन्त्रणमा सहयोग गर्ने सबैप्रति धन्यवाद ज्ञापन गरेको छ। नगरपालिकाले आगलागी मौसमलाई समेत ख्याल गरी प्रज्वलनशील पदार्थलाई आवास क्षेत्रबाट अलग राख्न सम्बन्धित सबैमा अनुरोध गरिएको नगरपालिकाका प्रवक्ता मोहनकुमार श्रेष्ठले जानकारी दिनुभयो।



# सृजना कप छात्र/छात्रा भलिबल प्रतियोगिता चैतमा हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ फागुन**

सृजना कप सामुदायीक मावि स्तरिय छात्र/छात्रा भलिबल प्रतियोगिताको विजेता टोलीलाई जनही एक/एक लाख नगद पुरस्कार प्रदान गरिने भएको छ।




कास्की जिल्ला भलिबल संघ र सृजना विकास केन्द्र सिमलचौर पोखराको संयुक्त आयोजनामा चैत ४ गतेदेखि ७ गतेसम्म पोखरामा संचालन हुने उक्त प्रतियोगिताका बिजेता टोलीलाई जनही एक/एक लाख नगद पुरस्कार प्रदान गरिने भएको आइतबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो।

गत बर्ष कोरोनाको कारण स्थगित भएको उक्त प्रतियोगिता यस बर्ष भने पुरस्कारको राषिमा बृद्धि समेत भएको संघका अध्यक्ष भिम पराजुलीले बताए।यस अघि उक्त प्रतियोगिताका विजेतालाई जनही ७०/७० हजार नगद पुरस्कारको व्यबस्था गरिएको थियो । प्रतियोगितामा उपबिजेतालाई ५०/५० हजार र तृतीय हुने विद्यालयलाई ३०/३० हजार सहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिने भएको संघले जनाएको छ।

त्यस्तै, प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी छात्र तथा छात्रालाई जनही ५/५ हजारसहित ट्रफी तथा अन्य उत्कृष्ट स्पाइकर, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट सेटर, उत्कृष्ट सर्भर र उत्कृष्ट ब्लकरलाई १/१ थान भलिबल प्रदान गरिने अध्यक्ष पराजुलीले जनाए । 'स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद' भन्ने नाराका साथ चार दिन उक्त प्रतियोगिता पोखरा रंगशालास्थित भलिवल ट्रेनिङ सेन्टरमा आयोजना हुने भएको हो । प्रतियोगितामा कास्कीका सामुदायिक (सरकारी) विद्यालयहरुले, कक्षा ९ देखि कक्षा १२ सम्मका विद्यार्थीहरु सम्मिलित टिमले सहभागिता जनाउन सक्ने संघका अध्यक्ष पराजुलीले बताए। 'खेलकुदको जग भनेको विद्यालय हो, त्यसैले भलिबलको जग (बेस) बलियो बनाउनका लागि प्रतियोगिता आयोजना गर्न लागेका हौं'-उनले भने । प्रतियोगिताले खेलाडी उत्पादनमा महत्वपूर्ण भूमिका खेल्ने उनको भनाई छ । 'हामीलाई विश्वास छ, प्रतियोगिताले सामुदायिक विद्यालयमा खस्किएको भलिबल उकास्न भूमिका खेल्नेछ ।' प्रतियोगिताले खेलाडी उत्पादन गर्न मद्धत पुग्ने सृजना विकास केन्द्रका अध्यक्ष ईन्द्रप्रसाद पौडेलले बताए । 'यसले सामुदायिक विद्यालयदेखि गाउँघरसम्म भलिबल खेलप्रति जागरण पैदा गराउँछ, भलिबल खेलप्रति आकर्षण जगाउँछ'-उनले भने । मध्यम र न्यून स्तरका विद्यार्थी पढ्ने सामुदायिक विद्यालयका विद्यार्थीलाई भलिबल खेल्न प्रोत्साहित गर्दै भविष्यमा राष्ट्रिय/अन्र्तराष्ट्रिय स्तरको खेलाडी उत्पादनमा सघाउने आफुहरुको उद्देश्य रहेको अध्यक्ष पौडेलले बताए । प्रतियोगितामा ५० टिमले सहभागिता जनाउने आफुहरुले अपेक्षा गरेको पौडेलले बताए।

प्रतियोगिता सञ्चालन गर्न १० लाख ५० हजार खर्च लाग्ने आयोजकले अनुमान गरेका छन् । प्रतियोगिताबाट १० लाख ५० हजार आम्दानी गरी ५० हजार रुपैयाँ बचत गर्ने लक्ष्य राखिएको पराजुलीले बताए । बचत रकम भलिवल खेलकै विकास र बिस्तारका लागि खर्च गरिने संघले जनाएको छ।

# ३ दिने एडभान्स फोटोसप तथा लाईटरुम तालिम

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ फागुन**

पोखरा फोटोग्राफर संघ पोखरा नेपालले आयोजना गरेको तिन दिने फोटोग्राफी तथा लाईटरुम तालिम सम्पन्न भएको छ । तीन दिनसम्म सञ्चालन भएको सो कार्यक्रम्मा ३८ जान सहभागि भएका थिए।




कार्यक्रममा पहिलो दिन आधारभूत फोटोग्राफी तालिम तथा बाकी दुइ दिन एडभान्स फोटोग्राफी तालिम सञ्चालन भएको थियो । फोटोग्राफर संघ गण्डकी सहयोगी संस्थाको रुपमा रहेको थियो। पोखरा क्षेत्रमा फोटो ब्यावसाय गरिरहेका ब्यावसायी हरुको उल्लेख्य उपस्थिति रहेको संयोजक देवानन्द पोखरेलले जानकारि दिएका थिए। पेशागत सिप बृद्धीलाई नयाँ आधुनिक प्रबिधि संगसंगै लैजान यस्ता तालिमहरुको आवस्यकता रहेको र प्रबिधि मार्फत आफ्नो पेशालाई समायानुकुल परिमार्जन गर्न सकिने निवर्तमा अध्यक्ष रबिनाथ दाहाल ले वताएका थिय । कार्यक्रममा बोल्दै प्रशिक्षार्थी बसन्त शेर्पाले तालिमबाट धेरै टेक्निकल कुराहरु सिक्न पाउदा खुसी लायको बताए । प्रमुख अतिथि फोटो ग्राफर संघ गण्डकीका अध्यक्ष दुर्गा प्रसाद पौडेलले फोटो व्यवसायिहरुलाइ एकजुट गराउदै प्रविधिमा अघि बढाउनका लागी संघले गरेका यस्ता तालिमबाट फोटो ग्राफर व्यसायिहरुको कार्यक्षमता वृद्धी हुनुका साथै छिटो छरितो कार्य सम्पादनमा सहयोग पुग्ने बताउनु भएको थियो।

कार्यक्रममा महिला समिति संयोजक शान्ती सुवेदी ले शिप बिकासमा महिलाहरुको पनि उल्लेख्य सहभागिता गराएकोमा धन्यवाद ब्यक्त गर्नुभयो यसैगरी प्रशिक्षक सुशान अधिकारीले सिकाईलाई ब्यवहारमा उतार्नु पर्ने कुरामा जोड दिनुभयो। संस्थाका अध्यक्ष जनकराज तिवारीको अध्यक्षतामा भएको कार्यक्रम मा स्वागत संस्थाका उपाध्यक्ष रामचन्द्र पोखेलले गरेका थिए भने कार्यक्रम संचालन पोखरा फोटोग्राफर संघका सचिव बिसुराज बराललले गरेका थिए।

# पुम्दीकोट कोट विकास समितिको अध्यक्षमा पुन: चन्द्रकान्त

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ फागुन**

पोखरा २२ (पुम्दी भुम्दी) स्थित पुम्दीकोटमा रहेको पुम्दीकोट कोट विकास समितिको अध्यक्षमा पुनः चन्द्रकान्त बराल चयन भएका छन्।

समितिको हालै सम्पन्न भएको तेश्रो साधारण सभा तथा दोश्रो अधिवेशनबाट चन्द्रकान्तको अध्यक्षतामा आगामी दुई बर्षीय कार्यकालको लागि १७ सदस्य कार्यसमिचि चयन भएको हो।

समितिको उपाध्यक्षमा हिमलाल बराल, सचिवमा नरहरी बराल, सहसचिवमा प्रकाश बराल, कोषाध्यक्षमा कमला बराल, सहकोषाध्यक्षमा निर्मलराज बराल चयन भएका हुन्। त्यस्तै अन्य सदस्यहरुमा दण्डपाणि बराल, दुर्गा गुरुङ, नवराज बराल, पवन बि.क., डिल्लीराम बराल, टेकनाथ बराल(राजु), बलराम बाँस्तोला, चन्द्रा बराल, उसा बराल, लक्ष्मी बराल, सावित्री ढुंगना चयन भएका हुन्। समितिले अघि सारेको करिब ४० करोडको पुम्दीकोट विशाल महादेव मुर्ति परियोजना सफल पार्न आफ्नो कार्यकालमा हरपल प्रयास गर्ने अध्यक्ष बरालले बताए। हालसम्म करिब ५० प्रतिशत उक्त परियोजनाको काम पुरा भएको उनले जनाए । समितिसंग हाल करिब ३ करोड ऋणमा काम सम्पन्न भएको हुदा अब जति छिटो सक्दो महायज्ञ आयोजना गर्ने तयारी गर्न सुरु भएको समितिले जनाएको छ । सम्भवत आगामी नयाँ बर्षको अवसरमा वैशाखमा यहायज्ञ हुने भएको छ।

# काइण्डनेस क्लब मदरल्याण्डद्धारा प्रिन्सा रेग्मीलाई सम्मान

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ फागुन**

काइण्डनेस क्लब मदरल्याण्ड बोडिङ स्कुल पोखराको दोस्रो वर्षमा प्रदेश गरेको अवसरमा सम्मान कार्यक्रम गरेको छ । क्लबले पोखराकी समाजसेवी बालिका प्रिन्सा रेग्मीलाई सम्मान गरेको छ। सानै उमेरमा समाज सेवामा सक्रिय रेग्मीलाई क्लबले नगद १० हजार, दोसल्ला र सम्मानपत्रले सम्मान गरेको हो।



कोरोना भाइरस महामारीको बेला निःशुल्क माक्स वितरण, खाद्यन्न वितरण, स्वास्थय सामग्री वितरण, कापी किताब वितरण लगाएतका विभिन्न समाज सेवाको काम गर्दै आएकी छन्।

सोही अवसरमा काइण्डनेस क्लबले प्रदान गर्ने काइण्डनेस टिचरको अवार्डबाट नुरमाया केसी सम्मानीत भइन् । केसीले नगद ५ हजार, दोसल्ला र सम्मानपत्र प्राप्त गरीन् । उनीहरु दुबैलाई मदरल्याण्ड बोडिङ स्कुलका निर्देशक त्रिभुवन बराल, विद्यालयक प्रिन्सिपल नारन बराल, काइण्डनेस क्लब मदरल्याण्डकी अध्यक्ष कृर्तिका नागिला लगाएतले सम्मान गरे।

कार्यक्रममा विद्यालयका निर्देशक त्रिभुवन बराललले सानो उमेरमा नै समाजसेवामा लागेकी प्रिन्साको अभियान अन्य विद्यार्थीका लागि पनि प्रेरणादायी हुने बताए। विद्यालयका प्रिन्सिपल नारन बराललले काइण्डनेस क्लबले उत्कृष्ट काम गर्दै आएको बताउदै प्रिन्सालाई सम्मान गरेर अर्को उत्कृष्ट काम गरेको बताए । उनले प्रिन्साका काम सञ्चारमाध्यमबाट जानकारी लिदै आएको बताए । उनले विद्यालयका विद्यार्थीहरुलाई प्रिन्साको कामले सहयोगी भावना आउने बताए।

सम्मान पछि प्रिन्सा रेग्मीले थोपा थोपा मिलेर सागर बने जस्तै आफुले गरेको अभियानमा अरुपनि थपिदै जादा नेपाललाई नै सकारत्मक बनाउन सकिने बताइन् । उनले सबैको साथले नै आफु आगाडी बढेको बताइन् । कार्यक्रमको सञ्चालन क्लबका सदस्य निश्चल बास्तोलाले संचालन गरेका थिए। काइण्डनेस क्लब मदरल्याण्ड स्थापना भएको एक वर्षमा कल्याणी बालआश्रम लामाचौरका १२ जना बालबालिकाहरूलाई खाद्यान्न, लत्ता कपडा, जुत्ता आदि सामग्री, लकडाउनका बेला समस्यामा परेका १५ जना दृष्टिविहीन र १५ जनाका परिवारलाई खाद्यान्न वितरण, विश्व करूणा दिवसका अवसरमा मानवसेवा आश्रमका ६३ जना बृद्धा आमा र ९ जना बालबालिकालाई जाडोका लागि लत्ता कपडा वितरण लगाएका मानब सेवाका काम गरेको छ । दया, माया र करूणाको भाव विद्यालय स्तरबाटै जगाउनुपर्छ भन्ने भाव जागृत गर्ने अभिप्रायले काइण्डनेस क्लब मदरल्याण्ड स्थापना गरेर विभिन्न मानव सेवाका काम गर्दै आएको विद्यालयकी शिक्षिका केशु बराललले जानकारी दिइन्।

# कास्कीका मगर महिलालाई नेतृत्व विकास तथा क्षमता अभिवृद्धि तालिम

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ फागुन**

नेपाल मगर महिला संघ, कास्कीको आयोजनामा एक दिने नेतृत्व विकास तथा क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको छ।



गण्डकी प्रदेश सरकार, शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयको सहयोगमा भएको सो एक दिने कार्यक्रमको उद्घाटन गर्दै मन्त्री मेखलाल श्रेष्ठले मगर महिलाको क्षमता विकासका लागि यस तालिमले महत्वपूर्ण टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा नेपाल मगर महिला संघकी केन्द्रीय सदस्य फूलकुमारी थापामगर, नेपाल मगर संघ, कास्कीकी अध्यक्ष संगीता पुनमगर, राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ, गण्डकी प्रदेशकी अध्यक्ष दिलमाया गुरुङले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो।

७० जना प्रशिक्षार्थी सहभागी भएको तालिममा हिम्मतसिंह नेपाली, राजु घले र मित्र दुराले सहजीकरण गर्नुभएको थियो।

नेपाल मगर महिला संघ, कास्कीकी अध्यक्ष नुनु रानामगरको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव ईश्वरी थापामगरले गर्नुभएको थियो भने सदस्य ज्ञानीसरा रानामगरले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो।

# 'जनताको भरोसालाई टुट्न दिने छैन'

**पोखरापत्र संवाददाता**
**दमौली, २२ फागुन**

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले नेवार समुदायले राजनीतिभन्दा माथि उठेर एकता देखाउनुपर्नेमा जोड दिनुभएको छ।

नेवाः देय दवु भानु नगर समन्वय समितिको शनिबार भानु नगरपालिका-९ बाइसजाँगरमा आयोजित दोस्रो अधिवेशनको उद्घाटन गर्दै उहाँले नेवार समुदायको हकहितका लागि राजनीति गर्न नहुनेमा जोड दिनुभयो। "नेवार समुदाय कोही नेपाली कांग्रेसमा, कोही नेकपा (एमाले)मा, कोही नेकपा (माओवादी केन्द्र)मा, कोही नेकपा (एकीकृत समाजवादी) मा आवद्ध छन् । आफ्नो समुदायको हकहितका लागि नेवारहरू एक हुनैपर्छ।"


## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
-चाणक्य

## सम्पादकीय

# माफी नमागी विघटनको पासा

प्रतिनिधि सभाका सभामुख अग्नी प्रसाद सापकोटाको असमान व्यवहारले गर्दा नारावाजी बीच बैठक चलिरहेको छ । सडकमा चर्को बिरोध भएको अमेरिकी सहयोग मिलेनियम च्यालेन्ज कर्पोरेसन एमसीसी विपक्षी एमालेको नाराबाजी बीच अनुमोदन भयो । दुई देशबीचको सम्झौता संसदमा कर्मकाण्ड न पुऱ्याउँदै अनुमोदन गरेर सत्ता गठबन्धनको रबरस्ट्याम बनाउने काम भएको छ । यस्तो पाराले सदन चलाउनु संसदीय प्रणालीलाई कमजोर बनाउने काम हो ।

प्रमुख प्रतिपक्ष नेकपा एमालेको माग सम्बोधन गरेर संसद बैठक सूचारु गर्न छाडेर यस्तै रत्यौली खेल्दा कसैको हित गर्दैन।लगातार प्रतिनिधिसभामा नारावाजी गरिरहेका कारण सत्तारुढ गठबन्धनका नेताहरुले समय अगावै चुनावको घोषणा गर्न सकिने संकेत गरेका छन् । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’, नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपाल र नेपाली काँग्रेसका महामन्त्री गगन थापाले पछिल्लो समय प्रतिनिधिसभाका बारेमा दिएका अभिव्यक्तिले समय अगावै चुनावको संकेत गरेको छ । एमसीसीका कारण प्रचण्डले पार्टीको बैठकमा प्रतिनिधिसभा विघटनको सम्भावनालाई समेत उजागर गरेका हुन् ।

एमालेको लगातारको अवरोधका कारण संसदले काम गर्न नपाएको र यस्तो अवस्थालाई अनदेखा गरेर अगाडि बढ्दा गलत नजिरसमेत बस्न सक्ने भन्दै उनले यसको विकल्पमा प्रतिनिधिसभाको निर्वाचन गर्न सकिने संकेत गरेका छन।एमसीसी अनुमोदन गरेर नेपाली जनता र आफ्नै कार्यकर्तालाई धोका दिएकोमा माफी नमागी चुनावी पासा फालेका हुन । नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपालले पनि प्रतिनिधिसभा भङ्ग गरेर जानुपर्ने बताएका छन् । आइतबार संसद भवन परिसरमा सञ्चारकर्मीसँग कुरा गर्दै उनले प्रमुख प्रतिपक्षले निरन्तर संसद अवरोध गरिरहेका कारण संसद भङ्ग गरेर जानुपर्नेमै जोड दिएका छन । यसबारे सत्तारुढ गठबन्धनमा छलफल भइरहेको उनको भनाइले यो प्रतिनिधि सभा एमसीसी अनुमोदन गर्न ब्युँताइएको हो भन्नेलाई ठाउँ दिएको छ ।

काँग्रेस महामन्त्री गगन थापाले पनि एमालेका कारण आगामी मंसिर अगावै प्रतिनिधिसभा निर्वाचनमा जानुपर्ने अवस्था आउने तर्क गरेका छन । एमालेले संसद अवरोध गरिरहने र संवादमा पनि नआउने अवस्था लामो समय जान नसक्ने भन्दै संसदीय निर्वाचनमा जान सकिने भनाइ १० दिन अघिको भनाइको विपरीत हो । एमसीसी अनुमोदन गर्नु अघि एमालेसंग भएका छलफलमा राखेका विचार भन्दा फरक छन । २०७४ सालमा गठन भएको प्रतिनिधिसभालाई दुई पटकसम्म विघटनको प्रयास गरियो । दुवै पटक तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभा विघटनको सिफारिस गरेका थिए । सोही अनुसार राष्ट्रपति विद्या भण्डारीले प्रतिनिधिसभा विघटन गरेकी थिइन् । तर दुवै पटक सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटन ‘असंवैधानिक’ भन्दै पुनर्स्थापना गरिदिएको थियो । सर्वोच्चले गरेको ब्याख्या राजनीतिक विषयमा वढी चासो दिएको पुष्टि हुँदै गएको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : झमेला बड्ने | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : शत्रुको भय | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : मानसिक तनाब | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : मन चञ्चल | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# खुदीमा नि:शुल्क आँखा तथा दन्त शिविर

**पोखरापत्र संवाददाता**
**लमजुङ, २२ फागुन**

अर्थाभाव र चेतनाको कमीले स्वास्थ्योपचारको पहुँचबाट टाढा रहेका ग्रामीण भेगमा स्थानीयवासीलाई लक्ष्य गरी सञ्चालन गरिएको निःशुल्क आँखा तथा दन्त शिविरबाट ३०२ स्थानीयवासी लाभान्वित भएका छन् ।

मर्स्याङ्दी गाउँपालिका-३ खुदीमा शनिबार गाउँपालिकाको आर्थिक र जिल्ला अस्पताल लमजुङको प्राविधिक सहयोगमा त्रिशक्ति महिला सञ्जालाले ११२ औं नारी दिवसका अवसरमा आयोजना गरेको एकदिने शिविरमा स्थानीयवासी लाभान्वित भएका हुन् । तीमध्ये ११० पुरुष र १९२ महिला छन् । जिल्ला अस्पताल लमजुङमा प्रमुख हेमन्त श्रेष्ठका अनुसार उक्त शिविरमा ९२ जनाले दन्तसम्बन्धी र २६३ ले आँखासम्बन्धी सेवा लिएका थिए ।

शिविरमा ३७ जना दात र २७ जनालाई उपचारका लागि जिल्ला अस्पताल सिफारिस गरिएको छ भने १४७ लाई निःशुल्क चश्मा वितरण गरेको आयोजकले जनाएको छ । शिविरमा जिल्ला अस्पतालका डा सरोज महर्जन र नेत्र सहायक दीप गुरुङका नेतृत्वमा सात प्राविधिकले सेवा दिएको अस्पतालले जनाएको छ ।

मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङले स्वास्थ्य नै सबैभन्दा महत्वपूर्ण कुरा हुने भएकाले स्थानीयदेखि सरकारले स्वास्थ्य क्षेत्रममा विषेश ध्यान दिनुपर्ने बताउनुभयो । शिविरमा करिब रु ७० हजारभन्दा बढी पालिकाको खर्च भएको बताइएको छ । गाउँघरमै स्वास्थ्य जाँच गर्न पाएपछि स्थानीय तथा सेवाग्राही हर्षित भएका छन् ।

# निर्माण व्यवसायी संघ बागलुङको अध्यक्षमा गुरुङ

**पोखरापत्र संवाददाता**
**बागलुङ, २२ फागुन**

निर्माण व्यवसायी सङ्घ बागलुङको अध्यक्षमा रामराज गुरुङ सर्वसम्मत चयन हुनुभएको छ । शनिबार बागलुङ बजारमा भएको पाँचौं अधिवेशनले उहाँका नेतृत्वमा २२ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो ।

समितिको वरिष्ठ उपाध्यक्षमा भूपेन्द्र खड्का, उपाध्यक्षमा सन्दीप खड्का, अरुण शाक्य र मधुसुधन राजभण्डारी चयन हुनुभएको छ । सदस्यहरूमा दीपककुमार अदै, दुर्गाबहादुर खत्री, सुजन लामिछाने, लोकेन्द्रबहादुर केसी, सङ्गम घर्तीमगर, दलबहादुर श्रीष राना, योगेन्द्र बहादुर भण्डारी, विमलेश आचार्य, राजीन खड्का, ध्रुव खड्का, मनोज खड्का र सनी केसी चयन हुनुभएको छ ।

त्यस्तै आमन्त्रित सदस्यमा बुद्ध बोहरा, नरबहादुर केसी, कृष्णबहादुर केसी, सुरज खड्का र क्षेत्रबहादुर केसी चयन हुनुभएको छ । अधिवेशनको उद्घाटन गर्दै पूर्वकेन्द्रीय सदस्य प्रकाश आचार्यले निर्माण व्यवसायीका समस्यामा सबै एक भएर लाग्नुपर्नेमा जोड दिनुभो ।

आचार्यले समस्याको चाङका बीचमा राष्ट्र निर्माणका सहयोगी व्यवसायीलाई राज्यले हेर्ने नजर फरक रहेको बताउनुभयो । उहाँले सबै व्यवसायीलाई एउटै डोकोमा राखेर मूल्याङ्कन गर्न नहुनेमा जोड दिनुभयो । कार्यक्रममा पाँचौं अधिवेशनका संयोजक कुमार खड्का, संस्थापक अध्यक्ष जयचन्द्रप्रसाद श्रेष्ठलगायतले बोल्नुभएको थियो ।

# एमाले बरेङगाउँ कमिटी अध्यक्षमा थापा

**पोखरापत्र संवाददाता**
**बागलुङ, २२ फागुन**

नेकपा (एमाले) बरेङ गाउँ कमिटीका अध्यक्षमा झोमबहादुर थापा सर्वसम्मत चयन हुनुभएको छ ।

शनिबार बरेङ बजारमा सम्पन्न गाउँ अधिवेशनले थापाको नेतृत्वमा सर्वसम्मत गाउँ कमिटी चयन गरेको हो ।

अधिवेशनको उद्घाटन गर्दै एमाले उपमहासचिव पृथ्वीसुब्बा गुरुङले स्थानीय तहको निर्वाचनमा एमालेले बहुमत स्थानमा जित हासिल गर्ने भन्दै गुरुङले सङ्गठन बलियो बनाइरहेको एमालेसँग गठबन्धन डराइरहेको बताउनुभयो । कार्यक्रम एमालेका पोलिटब्यूरो सदस्य तथा खेलकुद विभाग प्रमुख लीलाबहादुर थापाले राष्ट्र र राष्ट्रियताको पक्षमा आवाज उठाउने राष्ट्रवादी र विकासवादी पार्टी एमालेमात्रै भएको दाबी गर्नुभयो । नेकपा एमाले पोलिटब्यूरो सदस्य तथा प्रतिनिधिसभा सदस्य मनकुमारी केसी, बागलुङ जिल्ला इन्चार्ज गोविन्द नेपाली, जिल्ला अध्यक्ष हीराबहादुर केसी, पूर्वकार्यवाहक अध्यक्ष कृष्ण पाठकलगायत नेताहरूले सम्बोधन गर्नुभएको थियो ।

# अन्तिम चरणमा रुदिखोला मोटरेवल पुल

**पोखरापत्र संवाददाता**
**लमजुङ, २२ फागुन**

रुदिखोला मोटरेवल पुलको निर्माणकार्य अन्तिम चरणमा पुगेको छ ।

लमजुङ क्व्होलासोथार गाउँपालिका-६ पसगाउँमा निर्माण भइरहेको पुलको काम पाँच प्रतिशत मात्र बाँकी रहेको पूर्वाधार विकास कार्यालयले जनाएको छ ।

वडा नं ५को सिङ्दी, वडा नं ६ को पसगाउँ र कास्कीको मादी गाउँपालिका वडा नं ८ जोड्ने उक्त पुल यही फागुन महिनाभित्र सम्पन्न हुने उक्त कार्यालयका इञ्जिनीयर लोकेस राईले जानकारी दिनुभयो ।

उहाँका अनुसार अब पुलमा रङ्गरोगन गर्नेलगायत काम मात्र बाँकी रहेकाले यसै महिनाभित्रमा सम्पन्न हुने उहाँको भनाइ थियो ।

विसं २०७७ भदौ १४ गते बोलपत्र गरेर निर्माण अघि बढाइएको उक्त पुल आगामी चैत १३ गते सम्पन्न गर्ने सम्झौता भए पनि तोकिएको समय अगावै निर्माणकार्य सम्पन्न हुने भएको छ । प्रदेश सरकारको रु दुई करोड ८० लाख ६६ हजार ७४५को लागतमा निर्माण भइरहेको उक्त पुल निर्माण पछि दुबै जिल्लाका बासिन्दा लाभान्वित हुने भएका छन् ।

# पोखरामा अन्तरबटालियन भलिबल प्रतियोगिता सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ फागुन**



पोखरामा अन्तरबटालियन भूतपूर्व भलिबल प्रतियोगिता सुरु भएको छ ।

७५ औं भारतीय स्वतन्त्रता दिवसका अवसरमा भारतीय पेन्सन वितरण केन्द्र, रामबजारको पोखराको खेल मैदानमा आइतबारदेखि सुरु प्रतियोगितामा १८ बटालियनका टोलीले प्रतिस्पर्धा गर्दैछन् ।

भारतीय पेन्सन क्याम्प पोखराका प्रमुख कर्णेल शशांक त्रिपाठीले रेफ्रीलाई बल हस्तान्तरण गरेर प्रतियोगिताको उद्धाटन गरेका हुन् । बेस्ट अफ फाइवको आधारमा खेलाइएको प्रतियोगिताको उद्घाटन खेलमा ६/८ गोरखा राइफल्सले २/९ गोरखा राइफल्सलाई २६-२५ र २८-२६ को सोझो सेटले हरायो । त्यस्तै अन्य खेलमा ५/४ गोरखा राइफल्सले ४/८ गोरखा राइफल्सलाई २५-२३ र २५-२० को सोझो सेटमा हरायो । त्यस्तै, २/१ गोरखा राइफल्सले १/५ गोरखा राइफल्सलाई २५-१८ र २५-२३ को सोझो सेटमा हरायो । त्यसैगरि, अर्को खेलमा १/५ गोरखा राइफल्सले १/३ गोरखा राइफल्सलाई २५-१७, २१-२५ र २५-२० को सेटमा हरायो । प्रतियोगितामा फाइनलसहित प्रतियोगितामा ३६ खेल हुनेछन् । प्रतियोगिताको विजेताले २५ हजार र उपविजेताले १५ हजार नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र पुरस्कार पाउनेछन् ।

# गुर्जामा एक घर एक धारा योजना सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ फागुन**



हरीनास गाउँपालिका स्याङजाले सन्चालन गरेको एक घर एक धारा योजना अर्न्तगत वडा नम्वर दुई गुर्जामा खानेपानि योजना सम्पन्न भएको छ ।

योजनाको एक समारोहका बिच हरीनास गाउँपालिकाका अध्यक्ष खिम नारायण मानन्धरले उद्घाटन गर्नुभयो । उनले गाउँपालिकाका जनतालाई घरघरमा खानेपानिको सुविधा दिदै स्वच्छ खानेपानिको व्यवस्था गर्नु आफ्नो कार्यकालको विशेष काम भएको बताए । उनले भने खानेपानी जनताको आधारभुत आबश्यकता हो, हरीनास गाउँपालिकाले खानेपानी योजनालाई बिशेष महत्व दिदै काम गरेकाले थुप्रै ठाउँमा योजना सम्पन्न भैसकेका छन । हरीनास गाउँपालिका वडा नम्वर दुईका अध्यक्ष पर्शुराम सिग्देलले छोटो समयमा नै योजना सफल बनाएको उपभोक्ता समिति र गाउँबासीलाई धन्यवाद दिए । गुर्जाका २४ घरधुरीका करीव एक सय जना लाभान्वित भएको उक्त योजना गाउँपालिकाको करीव ८ लाख सहयोग र करीव ३ लाखको स्थानीय श्रमदानसहित ११ लाख २० हजारमा सम्पन्न भएको उपभोक्ता समितिका अध्यक्ष महेश कुमार थापा “मदन” ले बताए । उद्घाटन कार्यक्रममा वडा सदस्य हिममाया थापा, जनजागरण आमा समुहकी अध्यक्ष सेतीमाया थापा पर्यटन व्यवसायी प्रेम बहादुर के.सी लगायतले बोलेका थिए ।

# करापुटार डढुवा सडकखण्ड ढलान हुँदै

**पोखरापत्र संवाददाता**
**लमजुङ, २२ फागुन**

करापुटार-डढुवा-साल्मे भञ्ज्याङ सडकखण्डअन्तर्गत करापुटार डढुवा सडकखण्डमा आर सिसी ढलानको काम अघि बढाइएको छ । मध्यनेपाल नगरपालिका र क्व्होलासोथर गाउँपालिका जोड्ने यस सडकखण्डअन्तर्गत मध्यनेपाल-७ करापुटारदेखि वडा नं ८ डढुवासम्मको नौ किमी ढलान कार्य अघि बढेको हो ।

सडक ढलान गर्नका लागि गण्डकी प्रदेश सरकारको रु ३१ करोड २३ लाख ३० हजार २६९ लागतमा निर्माण कार्य अघि बढेको पूर्वाधार विकास कार्यालयले जनाएको छ । कार्यालयका अनुसार हाल सडकको पर्खाल लगाउने, नाली बनाउने, कटिङ गर्नेलगायतका कार्य भइरहेको छ । नौ किमी ढलान हुने यस सडकखण्डको जङ्गल रहेको चार किमीमा सडकको चौडाइ चार मिटर ढलान हुने र अरु बाँकी भागमा पाँच मिटर ढलान हुने तथा ढलान मोटाइ भने २० सेन्टिमिटरको हुने पूर्वाधार विकास कार्यालयका इञ्जिनीयर राजेश अधिकारीले बताउनुभयो ।

उहाँका अनुसार रसुवा जयदम्बा जेभी धादिङ्ले विसं २०७८ असोज १३ मा निर्माणको सम्झौता गर्दै दुई वर्षमा सक्ने छ । हालसम्म यस सडकखण्डको कार्य आठ प्रतिशत मात्र सम्पन्न भएको पूर्वाधार विकास कार्यालयले जनाएको छ ।

त्यस्तै यस करापुटार-डढुवा-साल्मे भञ्ज्याङ सडकअन्तर्गत नै ढलान हुने उक्त डढुवादेखि साल्मेसम्मको सडकखण्ड स्तरोन्नति कार्य भइरहेको छ । करिब आठ किमी सडकखण्डमा ग्राभेल, नाली, तारजाली, मेशिनरी पर्खाल, बाटो चौडाइ गर्ने कार्य भइहेको पूर्वाधार विकास कार्यालयले जनाएको छ ।

प्रदेश सरकारकै लगानीमा रु १७ करोड १५ लाख ४१ हजार ४५४ भ्याटसहित मोतिदान कम्पनीले सडक स्तरोन्नतिको जिम्मा लिएको छ । नालासहित आठ मिटर चौडाइको सडकखण्ड हुने भएको छ । यसको निर्माण अवधि दुई वर्षको भए पनि समय सकिसके पनि काम भने सम्पन्न भएको छैन । हालसम्म ७५ प्रतिशत मात्र निर्माण कार्य सम्पन्न भएको पूर्वाधार ईञ्जिनीयर अधिकारीले बताउनुभयो ।


## शिक्षक आवश्यकता

यस श्री हिमालय मा.वि. अन्नपूर्ण-७, तोल्काको व्यवस्थापन समितिको मिति २०७८/११/२२ को निर्णय र गाउँपालिकाको मिति २०७८/११/२२ को प्राप्त पत्र अनुसार साथै शिक्षा शाखाको पत्र चं नं. ७७७ अनुसार यस विद्यालयको मा.वि. करार शिक्षक पदपूर्तिको लागि २०७८/१२/०७ गतेसम्म योग्यता पुगेको नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ ।

**तपशिल**

**विज्ञापन नं.** ००१/०७८/७९

**पदः करार शिक्षक तहः मा.वि. विषयः अंग्रेजी**

**योग्यता– बि.एड. वा सो सरह, अनुभवीलाई विशेष ग्रहयता**

**आवश्यक कागजातहरु:**

- **नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान**
- **शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान**
- **स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान**

**दरखास्त दिने मितिः २०७८/१२/०७ गतेसम्म**

**निवेदन दस्तुरः रु १०००।–**

**परीक्षाको किसिमः**

**लिखित, अन्तवार्ता र आवश्यक परेको खण्डमा कक्षा अवलोकन**

**निवेदन दिने स्थानः श्री हिमालय मा.वि. तोल्का**

**तलबः नेपाल सरकारको प्रचलित स्केल बमोजिम**

**परीक्षाको मिति र स्थान सम्पर्क मितिमा तोकिने छ ।**

**सम्पर्क मितिः २०७८/१२/०७ गते**

**सम्पर्क नं.:** ९८५६०८५४४७, ९८४३५५१७४८

**श्री हिमालय माध्यमिक विद्यालय**
**अन्नपूर्ण-७ तोल्का, कास्की**

# जुनियर तथा युवा दिबसमा आर्थिक सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ फागुन**

नेपाल युवा रेडक्रस सर्कल पोखरा २६ ले मानसिक बिरामि बिशाल परियारलाई आर्थिक सहयोग गरेको छ।

शनिबार आयोजित नेपाल जुनियर युवा दिवसको अबसर पारेर परियारको परिवारलाई नगद २१ हजार एक सय रुपैया सहयोग गरेको हो बिरामि विशाल अहिले पोखराको बि जि अस्पतालमा उपचाररत रहेका छन् परियारको पारिवारिक अबस्था निकैनै कमजोर आर्थिक अबस्थामा रहेकोले रकम हस्तान्तरण गरिएको छ। कार्यक्रममा सहयोग हस्तान्तरण गर्दै कार्यक्रम का प्रमुख अतिथि नेपाल रेडक्रस सोसाइटि कास्की शाखाकी उप मन्त्रि उर्मिला खड्काले रेडक्रश बिशुद्ध मानविय सेवा भावले सहयोगि सस्थाहो



यसले आपत बिपत, समस्यामा परेको हरेक कोहिपनि मानव, समुदायमा अग्रसर रहने सस्था भएकोले सबैले हरेक ठाउँबाट सहयोग गर्नु पर्दछ, उनिले बताईन, नेपाल युवा रेडक्रस सर्कल पोखरा २६ का अध्यक्ष बिकास रानाभाटको सभापतित्वमा सम्पन्न कार्यक्रममा ने रे सो पोखरा उप शाखाका सभापति शैलेन्द्र मोहन भट्टराई, उपशाखाका सचिब दिपकनाथ भण्डारी, उपशाखाका निबर्तमान सचिब एल पि ढुङ्गाना, युवा सर्कलका निबर्तमान अध्यक्ष सन्दिप ढुङ्गाना, कार्यक्रम संयोजक सुशील ढुङ्गाना लगाएतले कार्यक्रम माथि धारणा राखेकाथिए भने कार्यक्रममा स्वागत उपाध्यक्ष सूर्य चन्द्र राजभाट र सन्चालन सर्कलकी सचिब तृप्ति भण्डारीले गरेकी थिईन् ।

# जनप्रिय माविमा संगठित बन्दै पूर्व विद्यार्थी

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ फागुन**

जनप्रिय मावि, पोखरा-८ सिमलचौरमा पूर्व विद्यार्थीहरुको साधारण सभा तथा अधिवेशनले सरोजनारायण बरालको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ।

समितिको उपाध्यक्षमा केशवबहादुर थापा, महासचिवमा धिरज थापा, सचिवमा गणेश चालिसे, कोषाध्यक्षमा प्रतिमा पोखरेल तथा सह-कोषाध्यक्षमा सागर पौडेल चयन हुनुभयो। त्यस्तै समितिको सदस्यहरुमा रामप्रसाद मुल्मी,



जमुना गुरुङ, शिला सिग्देल, लक्ष्मी भण्डारी, किरण ढकाल, कृष्णहरी सिग्देल, लुना थापा, विनोदकुमार शर्मा र राशेक श्रेष्ठ चयन हुनुभएको छ।

यसअघि अधिवेशनको उद्घाटन गर्दै कार्यक्रमका प्रमुख अतिथि वडा नम्बर ८ का वडाध्यक्ष रुद्रनाथ बरालले विद्यालयको सर्वाङ्गिण विकासमा वडाको सधैं साथ रहने भन्दै आगामी दिनहरुमा अझै स्तरीय शैक्षिक पठनपाठनको लागि पूर्व विद्यार्थीहरुको महत्वपूर्ण भूमिंका रहनेमा जोड दिनुभयो।

कार्यक्रममा विशेष अतिथि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजकुमार गिरी, प्रधानाध्यापक देवीप्रसाद बस्ताकोटी, जनप्रिय बहुमुखी क्याम्पसका नि.क्याम्पस प्रमुख कृष्णबाबु बराल लगायतले शुभ-कामना मन्तव्य राख्नुभएको थियो। समितिका अध्यक्ष सरोजनारायण बरालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सदस्य शिला सिग्देलले स्वागत तथा महासचिव रामेश्वर बरालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

# पर्यटक प्रवर्द्धनका लागि पोखराका नौ ताल जोड्न साइकलमार्ग

**–जमुनावर्षा शर्मा**
**पोखरा, २२ फागुन**

सुन्दरनगरी पोखरालाई थप व्यवस्थित र आर्कषण बनाउने काम सुरु भएको छ। प्रमुख पर्यटकीय गन्तव्यको रुपमा स्थापित गर्न पोखरा महानगरपालिकाले नगरका ९ वटा ताल जोड्ने साइकलमार्ग निर्माणका लागि आवश्यक तयारी सुरु गरेको हो।

समुन्नत र समुद्ध पोखराका लागि महानगरले चालु आर्थिक वर्षमा साइकल मार्ग निर्माण गर्न रु ३० लाख बजेट विनियोजन गरेको छ। यसका लागि १८३ किलोमिटर साइकल ट्र्याकको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) तयार भई रु ३५ करोडको लागतप्रक्षेपण गरिएको महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बलराम रिजालले जानकारी दिनुभयो।

उहाँले पोखराका ९ ताल फेवा, रुपा, बेगनास, कमलपोखरी, खास्टे, न्युरेनी, गुँदे, दिपाङ, मैदी र अन्तर्राष्ट्रिय महत्वको रामसार क्षेत्रमा सूचीकृत भइसकेको अवस्थामा प्राकृतिक र सांस्कृतिक विविधताले युक्त पोखराको सौन्दर्य अवलोकनका लागि साइकल संस्कृति विकास आवश्यक रहेको बताउनुभयो। यस विषयमा सरोकारवालाबीच छलफल भइसकेको र पहिलो चरणमा साइकलमार्गमा सङ्केत चिन्ह राख्ने काम सम्पन्न भइसकेको उहाँको भनाइ छ। महानगर सहरी योजना आयोगका उपाध्यक्ष डा रामचन्द्र लामिछानेले पोखरा प्राकृतिक सुन्दरताले बरदान पाएको सहर भएकाले यसलाई सुन्दर बनाउन थप नयाँ कुराको खोजी गर्नुभन्दा पनि भइरहेको प्राकृतिक कुरालाई व्यवस्थापन गरेर नयाँ कलेबरमा रुपान्तरण गर्न सके मात्र पुग्ने उहाँले बताउनुभयो।

"अनुकुल मौसमदेखि हिमशृखङ्ला ताल तलैयाको अनुपम बरदान पाएको सहर हो पोखरा। 'कनेक्ट लेक टु लेक' पर्यटन प्रवर्द्धनका लागि साइकल राम्रो विकल्प बन्नेछ", उहाँले भन्नुभयो। विश्वका साइकलमार्गमध्ये यो पृथक खालको रहेको र यो मार्ग पोखराको गौरवको योजना भएकाले यसलाई निरन्तरता दिन त्रिवर्षीय योजनामासमेत समावेश गरिएको उपाध्यक्ष डा लामिछानेको भनाइ छ। उहाँले भन्नुभयो, "सातसयदेखि एक हजार ५०० मिटर उचाइमा साइकल चलाउँदै उत्तरतिर हिमशृङ्खला र दक्षिणतर्फ पोखरा उपत्यकाकोमनोरम दृश्यावलोकन, तालमा साइबेरियादेखि आएका चराको झुण्ड हेर्दै र अन्तर ाष्ट्रिय विमानस्थल जहाजको उडान र अवतरणका दृश्यलाईसमेत यस साइकल ट्र्याकबाट हेर्न सकिन्छ।"

उहाँले यो साइकल ट्र्याकले पोखरामा पर्यटकलाई एकदेखि दुई दिनसम्म बसाइँ लम्बाउन र आम्दानीको स्रोत बढाउन सहयोग पुग्ने बताउनुभयो। वन विज्ञान अध्ययन संस्थानको उपप्राध्यापक एवं पर्यटन अध्येता श्रीकान्त शर्मा खतिवडाले साइकल लेनको रेखाङ्कन भइसकेको अवस्थामा देखिने गरी महानगरपालिकाले अविलम्ब काम सुरु गर्नुपर्ने बताउनुभयो। साइकलमार्गले समग्र पोखराको पर्यटकीय गन्तव्यलाई छुने हुँदा पर्यटकका लागि साइकल भरपर्दो र उपयोगी माध्यम हुने तथा पर्यटकीय उत्पादनको विस्तारमा समेत यसले सहयोग पुर्‍याउने उहाँको भनाइ छ। उहाँले 'टुरिज्म प्रडक्ट एण्ड रिसोर्सेस अराउन्ड दि साइकल लेन इन पोखरा' शीर्षकमा पोखराका सरोकारवालाबीच कार्यपत्रसमेत प्रस्तुत गरिसकेको र अब अविलम्ब यस कार्यलाई अगाडि बढाउन सुझाव दिनुभयो।

पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराइले पोखरा साहसिक खेल पर्यटनका लागि पनि उत्कृष्ट गन्तव्य भएकाले 'लेक टु लेक कनेक्टका लागि साइकलमार्ग निर्माण हुनु निकै प्रशंसनीय कार्य भएको बताउनुभयो। उहाँले भन्नुभयो, "कोभिड-१९ ले पर्यटन क्षेत्रमा नराम्ररी क्षति पुर्‍याएको छ। अब नयाँ-नयाँ योजनाका साथ पर्यटकको 'लेन्थअफ स्टे बढाउन स्थानीय सरकारले पनि पर्यटन मैत्रीपूर्वाधार विकासमा जोड दिँदै जानुपर्छ।" दीर्घकालीन सोच अनुरुपका पूर्वाधारले सकारात्मक नीति दिने भएकाले कुनै पनि पूर्वाधार विकास लागि सरोकारवाला र विज्ञको सल्लाह सुझावलाई मनन गरेर अघि बढ्न उहाँको सुझाव छ।

उहाँले पोखरा विभिन्न पर्यटकीय गन्तव्यको 'गेट वे'सँगै प्रकृतिको स्वच्छतामा रमाउन पर्यटकको आगमन हुने र साइकलमार्गबाट पोखराको हिमशृङ्खला, तालतलैयालगायत पोखरा उपत्यकाको सुन्दर दृश्यमा पर्यटकले भरपुर आनन्द लिन सक्ने भएकाले यस निर्माण कार्यलाई छिटोभन्दा छिटो सम्पन्न गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले साहसिक गतिविधिको सहरको रुपमा समेत पोखराले आफ्नो पहिचान बनाएकाले पनि साइकलमार्ग निर्माण कार्यले यसमा थप सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

पोखरा साइकल सिटीका पूर्वअध्यक्ष प्रकाश बज्राचार्यले पोखरालाई साइकल सिटीको रुपमा विकास गरेर वातावरणमैत्री पर्यटनमा जोड दिन आवश्यक रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "स्वास्थ वातावरण र पर्यटनलाई केन्द्रविन्दुमा राखेर साइकल सिटीको स्थापना भएको हो, महानगरले ९ ताल जोड्ने साइकल ट्र्याकको योजना अघि सारेको छ यसबाट हामी निकै खुसी भएका छौं।" साइकलमार्गले पोखरामा वातावरण मैत्रीको सन्देशसँगै पर्यटकको बसाइ लम्बाउने र थप पर्यटकलाई पोखरा भित्र्याउन पनि भूमिका खेल्ने विश्वास उहाँको छ।

यो मार्ग निर्माणका लागि सायुके एड सुदृढ परियोजनाको आर्थिक सहयोगमा विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) तयार भई रु ३५ करोडको लागत प्रक्षेपण गरिएको छ। यस मार्गमा महानगरका १८ वटा वडा समेटिएका छन्। साइकल सिटीको रूपमा पोखरालाई चिनाउन 'मेयर साइकल प्रतियोगिता' पोखरामा आयोजना गरिएको थियो।

# गाउँबाट युवा पलायन रोक्न 'कृषि पर्यटन विकास'

**पोखरापत्र संवाददाता**
**पर्वत, २२ फागुन**

रोजगारीका लागि प्रवासमा गएका नेपालीहरूको संस्था ' चार भञ्ज्याङ तमु समाज बेलायत'ले जिल्लामा कृषि पर्यटनको विकास गर्न थालेको छ।

जिल्लाको चार भञ्ज्याङ क्षेत्रका रूपमा परिचित फलेवास नगरपालिकाको वडा नं ८ र ९ र महाशिला गाउँपालिकाका केही क्षेत्रलाई कृषि पर्यटनका रूपमा विकास गर्ने उद्देश्यले अभियान सञ्चालन गरिएको छ।

उक्त क्षेत्रबाट वैदेशिक रोजगारीकासिलसिलामाहङकङ, बेलायतलगायतका क्षेत्रका गएका स्थानीय प्रवासीले अभियान सञ्चालन गरेका हुन्।

शिक्षा, स्वास्थ्य, कृषि, वातावरण र पर्यटनलगायतका विषयलाई अवधारणाका रूपमा अघि सारेर अभियान सञ्चालन गरेको चार भञ्ज्याङ तमु समाजले परियोजना नै निर्माण गरेर कार्यान्वयनमा ल्याएको हो।

गाउँ बस्ती सहरीकरणको खोजीमा खाली हुँदै गएपछि गाउँवासीलाई गाउँमै रमाउने बनाउने मुख्य उद्देश्यका नयाँ अवधारणा अघि सारिएको तमु समाज बेलायतका अध्यक्ष मदन गुरुङले जानकारी दिनुभयो। उहाँले यसअघि विद्यालयका जीर्ण भवन निर्माण गर्ने र अत्याधुनिक प्राविधिक शिक्षा सञ्चालनका लागि समेत सहयोग गरिसकेको स्मरण गराउँदै पर्वत मै पहिलोपटक परियोजनाअन्तर्गत टेलिमेडिसिन सेवा सञ्चालन गरेको बताउनुभयो। समाजको पहलमा निर्माण भएको टेलिमेडिसिनमा अहिले दैनिक ५० देखि १०० सम्म बिरामीले सेवा लिइरहेका छन्।

समाजका पूर्वअध्यक्ष चन्द्र गुरुङले गाउँको विकासका लागि आफूहरू गाँस काटेर जम्मा गरेको रकम र बिभिन्न प्रतियोगितामा सहभागी भएर प्राप्त पुरस्कार रकमलाई समेत परिचालन गरेर गाउँको विकासमा लगानी गरिएको बताउनुभयो। फलेवास नगर प्रमुख पदमपाणि शर्माले चार समाज, फलेवास र महाशिलाका बिभिन्न वडामा सञ्चालन गरेका कार्यक्रमले समुदायका विपन्न वर्गले प्रत्यक्ष सेवा पाएको बताउनुभयो।

फलेवासका वडा नं ८ र ९, महाशिला-६ र ५ मा स्थायी घर भई हाल विदेशमा रहेका गुरुङ समुदायले आफ्नो गाउँको विकास र समृद्धिका लागि तमु समाजमार्फत विभिन्न सामाजिक कार्य सञ्चालन गर्दै आएका छन्। समाजले उपलब्ध गराउने सुविधा सबै जाति तथा विपन्न समुदायका लागि गर्दै आएको समाजका संस्थापक अध्यक्ष नारायणप्रसाद गुरुङले जानकारी दिनुभयो।

हाल समाजले उच्च मूल्यमा बिक्री गर्न सकिने फलफूललगायत आधुनिक कृषि प्रविधिको विकास तथा पर्यटन प्रवर्द्धन कार्यक्रम अघि सारेको छ। अभियान सञ्चालनको पूर्वतयारीअनुरुप चार भञ्ज्याङ क्षेत्रका फलामखानी, जलजला, चिसापानी, थाम्मेथुम, देवीस्थानलगायतका ७०० मिटर उचाइबाट करिब दुई हजार मिटर उचाइसम्मको दूरीमा माटो परीक्षणसमेत गरिएको छ।

योजनाविज्ञ डा योगेन्द्र रिजालले यस क्षेत्रमा ओखरखेतीलाई मुख्य खेतीका रूपमा प्रवर्द्धन गर्ने गरी परीक्षण गरिएको र उक्त ओखरखेतीको सम्भाव्यता रहेको बताउनुभयो। कार्यक्रममा कृषिविज्ञ नीलकण्ठ शर्माले विभिन्न क्षेत्रमा पुगेर तयार गरेको फलफूल खेती सम्भाव्यता प्रारम्भिक अध्ययन प्रतिवेदन पेश गर्नुभएको थियो।

# ज्येष्ठ नागरिकको तीन लाख ७० हजार सहयोग

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २२ फागुन**

मालिका गाउँपालिका-४ च्युरीबोटमा रहेको सिद्धार्थ माविलाई चार ज्येष्ठ नागरिकले शनिबार रु तीन लाख ७० हजार सहयोग गर्नुभएको छ।

च्युरीबोटमा जन्मिएर हाल बेलायत बस्दै आउनुभएका नरबहादुर पुन, उहाँकी श्रीमती धनमाया, पोखरा बस्ने तनमाया पुनले रु एक/एक लाख र च्युरीबोटकी लालसरी घर्तीले रु ७० हजार सहयोग गर्नुभएको छ। नरबहादुर, धनमाया र तनमायाले चौरासी वर्ष पुगेका अवसरमा विद्यालयमा स्थापित सिद्धार्थ अक्षयकोषलाई रकम उपलब्ध गराउनुभएको हो।

तनमायाले दिवङ्गत श्रीमान् हिमप्रकाश घर्ती (पुन)को स्मृतिमा सहयोग गर्नुभएको हो। हिमप्रकाशको गत वर्ष दुर्घटनामा ज्यान गएको थियो। उहाँहरुले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तमबहादुर पुन, प्रअ ललितबहादुर घर्ती र सिद्धार्थ मावि अक्षयकोषका अध्यक्ष भिजेन्द्रमान पुनलाई नगद हस्तान्तरण गर्नुभयो। चौरासी वर्ष पुगेको खुसियाली मनाउने फजुल खर्च बचाएर आफ्नो जन्मथलोमा विद्यालय सञ्चालन गर्न स्थापित अक्षयकोषमा सहयोग गरेको नरबहादुरले बताउनुभयो। नरबहादुरका दम्पत्तिले यसअघि अक्षयकोषमा रु २५ हजार सहयोग गर्नुभएको थियो। कक्षा १० सम्म पठनपाठन हुने विद्यालयमा तीन निजी स्रोतका शिक्षक छन्।

विद्यालयमा एक सय ६८ विद्यार्थी छन्। निजी स्रोतबाट मावि सञ्चालन गरिएको हो। विद्यालयले सहयोगदातालाई सम्मान गरेको थियो।

# नेपाल छन्त्याल संघको राष्ट्रिय महाधिवेशन बेनीमा हुने

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २२ फागुन**

नेपाल छन्त्याल सङ्घको ७ औँ राष्ट्रिय महाधिवेशन म्याग्दी सदरमुकाम बेनीमा हुने भएको छ। आगामी चैत २५ र २६ गते बेनीमा हुने छन्त्याल सङ्घको महाधिवेशनको तयारीलाई तीव्रता दिइएको सङ्घका केन्द्रीय अध्यक्ष मोहन छन्त्यालले जानकारी दिनुभयो।

उहाँका अनुसार, सांस्कृतिक झाँकीसहित उद्घाटन हुने महाधिवेशनबाट आगामी तीन वर्षे कार्यकालका लागि नयाँ नेतृत्वसमेत चयन हुनेछ। विभिन्न ११ जिल्लाबाट आउने ३५० बढी प्रतिनिधिले नयाँ नेतृत्व चयनमा सहभागी हुनेछन्। सङ्घ मातहतका सबै समितिको अधिवेशन सकिएको र फागुन २८ गतेभित्र प्रतिनिधि चयनको काम सक्न निर्देशन दिइएको अध्यक्ष छन्त्यालले बताउनुभयो।

सङ्घका अध्यक्ष मोहन छन्त्याल, महासचिव बलमान छन्त्याल, कोषाध्यक्ष शिवप्रसाद छन्त्याल, म्याग्दीका जिल्ला अध्यक्ष रेशम छन्त्याल, सचिव मनबहादुर छन्त्याल, छन्त्याल विद्यार्थी सङ्घका केन्द्रीय सदस्य अमर छन्त्याल लगायतको टोलीले शनिबार बेनीमा कार्यक्रम गर्ने स्थलको छनोटसमेत गरिसकेको छ।

विभिन्न स्थानको स्थलगत निरीक्षणपश्चात् जिल्ला समन्वय समितिको सभाहलमा उद्घाटन र बन्दसत्रको कार्यक्रम गर्ने तय भएको महासचिव छन्त्यालले जानकारी दिनुभयो। छन्त्यालको अध्यक्षतामा महाधिवेशन मूलआयोजक समिति र आठ वटा विभिन्न उपसमिति गठन गरी तयारीलाई तीव्रता दिइएको सङ्घले जनाएको छ।

# सुनको मूल्य प्रतितोला एकलाख नाघ्यो

**रासस**
**काठमाडौं, २२ फागुन**

सुनचाँदी बजारमा आइतबार छापावाल सुनको कारोबार मूल्य प्रतितोला रु एक लाख एक हजार ९०० पुगेको छ।

अघिल्लो दिन प्रतितोला रु ९९ हजार ९०० मा कारोबार भएको पहेँलो धातु एकैदिन प्रतिताला रु दुई हजारले बढेको हो। नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरणानुसार आज तेजाबी सुनको मूल्य प्रतितोला रु एक लाख एक हजार ४०० तोकिएको छ। सोको मूल्य गत शुक्रबार प्रतितोला रु ९९ हजार ४०० तोकिएको थियो।

त्यस्तै चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा प्रतितोला रु ३५ ले बढेर रु एक हजार ४१५ पुगेको महासङ्घले जनाएको छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १३ कुँडहरको अन्नपूर्ण मिजार समाज भवन मर्मत सम्भार निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः अन्नपूर्ण मिजार समाज भवन मर्मत सम्भार**
**स्थानः पोखरा-१३ दुइकुलाको मुहान**
**योजना सम्झौता मिति : २०७८/०९/२९ गते**
**योजना सुरु हुने मितिः २०७८/०९/३० गते**
**योजना सम्पन्न गर्ने मिति : २०७८/१२/३० गते**
**योजना सम्पन्न भएको मितिः २०७८/११/२१ गते**
**योजनाको कुल लागत : रु. ३,००,०००।-**
**महानगरपालिकाबाट प्राप्त रकम : रु.१,५०,०००।-**
**जन सहभागितावाट : रु.१,५०,०००।-**
**जम्मा कुल खर्च रकम : रु. ३,४४,३२७।-**
**उपभोक्ता समिति अध्यक्षः खडका नेपाली, उपाध्यक्षः चुमनसिंह नेपाली, सचिवः राधा नेपाली, कोषाध्यक्षः ज्ञानेन्द्र नेपाली, सदस्यहरुः सिता नेपाली, दिप्ती नेपाली, मैता नेपाली, अनिता नेपाली अनुगमन संयोजकः वडा सदस्य कृष्ण कुमारी गुरुङ, अनुगमन सदस्यः शंकर नेपाली, दिलसुभा नेपाली**

**अन्नपूर्ण मिजार समाज भवन मर्मत सम्भार उपभोक्ता समिति**
**पोखरा-१३, दुईकुलाको मुहान**